# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, मार्ग २७ गते २०१७ साल

### नेपाल लोकसेवा आयोगको विज्ञापन

गृह मन्त्रालय, शिक्षामन्त्रालय, स्वास्थ्य तथा स्थानीय स्वायत्त शासन मन्त्रालय, निर्माण सन्चार तथा नहर मन्त्रालय अन्तर्गत निम्नलिखित विभाग तथा अड्डाहरूलाई निम्न लेखिए बमोजिम पदहरू चाहिएका छन्। योग्य उम्मेदवारहरूले यस आयोगको दरखास्त फारम नं. १ (२०१०) मा आफ्नोविवरण स्पष्ट भरी निम्नलिखित फी दस्तूर सहित निम्न लिखित मितिसम्ममा यस आयोगमा आइपुग्ने गरी दरखास्त पठाउन वा बुझाउन पर्छ। दरखास्त दिंदा आफूले पाएको शुरुदेखिको सक्कल प्रमाणपत्रको नक्कल र मार्कशीटको नक्कलहरूसमेत सबैं सामेल राखी पेश गर्नुपर्छ। पेश गरेका प्रमाणपत्रहरूको सक्कल प्रति अन्तर्वार्ताका दिन साथै लिई आउनुपर्छ। योग्यता पुगेका उम्मेदवारहरूले दरखास्त पेश गरी निम्नलिखित मिति मितिमा यस आयोगसंग सम्पर्क राख्नुपर्छ। सम्पर्कका दिन उम्मेदवारहरूले यस आयोगसंग सम्पर्क नराखेमा परीक्षा वा अन्तर्वार्ताका निमित्त अर्को सूचना गरिने छैन। दरखास्तको म्यादको आखिरी दिन धेरै दरखास्त दिनेहरू जम्माभई सबैलाई असुविधा हुने हुंदा समयमा नै दरखास्त पठाउन सूचना गरिन्छ। साधारणतया उम्मेदवारहरूलाई तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको, रीत नपुगेको, फी दस्तूर नएभको र म्याद नाघी दाखिल भएको दरखास्त उपर कुनै विचार हुनेछैन। बहालवाला कर्मचारीहरूले दरखास्त दिंदा दरखास्त



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दस्तूर सहित आफ्ना अड्डाका हाकिमको सिफारिश हुनुपर्छ । दरखास्त फारामको नमूना प्रत्येक हुलाक, गढी, गौंडा र गोस्वाराहरूमा पनि पाइनेछ । एक फारामको निमित्त ने. रू. ।२० दश पैसा मोल तिरी सोझै यस आयोगबाट चाहिए जति झिकाए पनि हुन्छ । दरखास्त फाराम झिकाउँदा चाहिने टिकट खर्च पनि साथै पठाउनु पर्छ ।

## विज्ञापन नं. ५४

१. पद र स्थानः बिराटनगर अस्पताललाई १३ तेह्रजना नर्स, स्थायी तथा पेन्सन पाइने ।
२. आवश्यक न्यूनतम योग्यताः नर्सको काम गरी अनुभव प्राप्त गरेको प्रमाणपत्र प्राप्त ।
३. वांछनीय योग्यताः नर्सिंग पास तथा स्थानीय उम्मेदवारहरूलाई विषेश ग्राह्यता दिइनेछ ।
४. मासिक तलवको स्केलः तलव ने. रू. ६०। देखि १०५। सम्म ।
५. दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः २०१७।८।१४
६. सम्पर्क मितिः २०१७।८।३।६ का दिन ३ बजे ।
७. फी दस्तूरः नगद ने. रू. १। एक रूपैयाँ
८. उमेरः सरकारी नोकरीमा बहाल नरहेका उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको तथा ३५ वर्ष ननाघेको हुनुपर्छ ।

## विज्ञापन नं ५६

१. पदर स्थानः इञ्जिनियरिंग स्कूललाई एकजना ओभरसियर, नन् गजेटेड, स्थायी तथा पेन्सन पाइने ।
२. आवश्यक न्यूनतम योग्यता : ओभरसियर कोसको डिप्लोमा प्राप्तगरेको ।
३. वांछनीय योग्यता : पढाउने काममा दक्षता भएकालाई ग्राह्यतादिइने छ ।
४. मासिक तलवको स्केल : तलव ने.रू.२००।– देखि ३२५।– सम्म ।
५. अभ्यास अवधि : ६ महीना ।
६. फी. दस्तूर : नगद ने.रू १।५० एक रुपियां पचासपैसा ।
७. दरखास्त आयोगमा आइपुग्नु पर्ने मिति : २०१७। ६।१२।२ ।
८. सम्पर्क मिति : २०१७।९।१६।६। का दिन ३ बजे ।
९. काम : स्कूलमा अध्यापनगर्ने ।
१०. उमेर : सरकारी नोकरीमा बहाल नरहेका उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भए. को र ३५ वर्ष ननाघेको हुनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## बिज्ञापन नं. ५७

१. पद र स्थान : चन्दन नाथ मिडिल स्कूल असिदरा जुम्लालाई १ एकजना हेडमाष्टर मिडिल शिक्षक , स्थायी तथा पेन्सन पाइने ।
२. आवश्यक न्यूनतम योग्यता : एस. एल. सी. पास ।
३. वांछनीय योग्यता : आइ.ए.पास भएका तथा स्थानीय उम्मेदवारलाई विशेष प्राह्यत दिइने छ।
४. मासिक तलवको स्केल : तलव ने.रू. १३५।– देखि २३५।– सम्म ।
५. फी दस्तूर : नगद ने.रू. १।– एक रूपैयां ।
६. दरखास्त आयोगमा आइपुग्नु पर्ने मिति : २०१७।६।१२।२
७. सम्पर्क मिति : २०१७।६।१६।६ का दिन ३ बजे ।
८. उमेर : सरकारी नोकरीमा बहाल नरहेका उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको हुनु पर्छ ।

## विज्ञापन नं. ५८

१, पद र स्थान : चन्दन नाथ मिडल स्कूल असिदरा जुम्लालाई ४ चार जना मिडिल क्षिक्ष क नन् गजेटेड, स्थायी तथा पेन्सन पाइनै ।
२. आवश्यक न्यूनतम योग्यता:– एस. एल. सी. पास ।
३. वांछनीय योग्यता:– आइ. ए. पास तथा स्थानीय उम्मेदवारलाई ग्राहयता दिइनेछ ।
४. मासिक तलवको स्केल:– तलव ने. रू. १२५। देखि २३५ सम्म ।
५. फी दस्तूर नगद ने. रू. १। एक रूपैयां ।
६. दरखास्त आयोगमा आइपुग्नु पर्ने मिति:– २०१७।६।१२।२
७. सम्पर्क मिति:– २०१७।६।१६।६ का दिन ३ बजे ।
८. उमेर:– सरकारी नोकरीमा बहाल नरहेका उम्मेदवारहरूको उमेर २१ वष पूर भएको र ३५ वर्ष ननाघेको हुनुपर्छ ।

## विज्ञापन नं. ५९

१. पद र स्थान:– प्यूठान भित्रिकोट टारी संस्कृत माध्यमिक पाठशालालाई ३ तीन जना माध्यमिक अध्यापक, स्थायी तथा पेन्सन पाइने ।
२. आवश्यक न्यूनतम योग्यता:– सम्पूर्ण मध्यमा उत्तीर्ण ।
३. वाञ्छनीय योग्यता:–नर्मल ट्रेनिंग प्राप्त अथवा अंग्रेजीमा ज्ञान भएका तथा स्थानीय उम्मेदवारलाई विषेश ग्राह्यता दिइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. फी दस्तूरः– नगद ने. रू. एक रूपैयां ।

५. दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः– २०१७।६।१२।२

६. सम्पर्क मितिः– २०१७।६।१६।६ का दिन ३ बजे ।

७. उमेरः– सरकारी नोकरीमा बहाल नभएका उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको र ३५ वष ननाघेको हुनुपर्छ ।

## विज्ञापन नं. ६०

१. पद र स्थानः– बाग्लुग हेल्थ सेन्टरलाई १ जना मेडिकल अफिसर (डाक्टर) गजेटेड स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यताः– एम्. बी. बी. एस्. ।

३. मासिक तलवको स्केलः– तलव ने. रू. ३५०। देखि ६२५। सम्म ।

४. फी दस्तूर नगद ने. रू. ३। तीन रूपैयाँ ।

५. दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः– २०१७।६।१२।२

६. सम्पर्क मितिः– २०१७।६।१६।६ का दिन ३ बजे ।

७. कामः– मेडिकल अफिसर भै अस्पतालमा परिआएको चिकित्सा सम्बन्धी काम गर्ने ।

८. उमेरः– सरकारी नोकरीमा बहाल नरहेका उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको हुनु पर्छ ।

आज्ञाले––
खड्गमान मल्ल
सचिव,
नेपाल लोकसेवा आयोग ।

## नेपाल लोकसेवा आयोगको विज्ञापन

स्वास्थ्य तथा स्थानीय स्वायत्तशाशन मन्त्रालय, वनमन्त्रालय, निर्माण सञ्चार तथा नहर मन्त्रालय र गृहमन्त्रालय अन्तर्गत निम्नलिखित विभाग तथा अड्डाहरूलाई निम्न लेखिए-बमोजिम पदहरू चाहिएका छन् । योग्यउम्मेदवारहरूले यस आयोगको दरखास्त फाराम नं. १(२०१०) मा आफ्नो विवरण स्पष्ट भरी निम्नलिखित फी दस्तूर सहित निम्नलिखित मितिसम्ममा यस आयोगमा आइपुग्ने गरी दरखास्त पठाउन वा बुझाउनु पर्छ । दरखास्त दिंदा आफूले पाएको शुरू देखिको सक्कल प्रमाणपत्रको नक्कल र मार्कशीटको नक्कलहरूसमेत सबै सामेल राखि पेश गर्नुपर्छ । पेश गरेका प्रमाणपत्रहरूको सक्कल प्रति अन्तर्वार्ताका दिन साथै लिई आउनु पर्छ । योग्यता पुगेका उम्मेदवारहरूले दरखास्त पेश गरी निम्न लिखित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मिति मितिमा यस आयोगसँग सम्पर्क राख्नु पर्छ। सम्पर्कका दिन उम्मेदवारहरूले यस आयोग सँग सम्पर्क नराखेमा परीक्षा वा अन्तर्वार्ताको निमित्त अर्को सूचना गरिनेछैन। दरखास्तको म्यादको आखिरी दिन धेरै दरखास्त दिनेहरू जम्मा भई सबैलाई असुविधा हुने हुँदा समयमानै दरखास्त पठाउन सूचना गरिन्छ। साधारणतया उम्मेदवारहरूलाई तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको, रीत नपुगेको, फी. दस्तुर नभएको र म्याद नाघी दाखिल भएको दरखास्त उपर कुनै बिचार हुने छैन। बहालवाला कर्मचारीहरूकोले दरखास्त दिंदा दरखास्त दस्तुर सहित आफ्ना अड्डाका हाकिमको सिफारिश हुनुपर्छ दरखास्त फारामको नमूना प्रत्येक हुलाक, गढी, गौंडा र गोस्वाराहरूमा पनि पाइने छ। एक फारामको निमित्त ने. रू. ।१० दश पैसा मोल तिरी सोझै यस आयोगबाट चाहिए जति झिकाए पनि हुन्छ। दरखास्त फाराम झिकाउँदा चाहिने टिकट खर्च पनि साथै पठाउनु पर्छ।"

## विज्ञापन नं ६१

१ पद र स्थानः– सिभिल मेडिकल स्कूल काठमाडौंलाई एक जना कम्पाउन्डर थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यता : सिभिल मेडिकल स्कूलबाट कम्पाउन्डरी पास गरेको।

३. वांछनीय योग्यता : अनुभवीलाई विशेष गृाह्यता दिइनेछ।

४. मासिक तलबको स्केल र भत्ता: तलब ने.रू. ८०। देखि १५० सम्म।

५. फी दस्तूर नगद ने.रू. १। एक रूपैयाँ।

६. दरखास्त आयोगमा आइपुग्नुपर्ने मिति : २०१७।९।२२।५

७. सम्पर्क मिति : २०१७।९।२८।४ का दिन ३ बजे।

८. उमेर : सरकारी नोकरीमा बहाल नभएका उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको हुनु पर्छ।

## विज्ञापन नं. ६२

१. पद र स्थान : वनस्पती उद्यान काठमाडौंलाई एक जना क्यूरेटर स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यताः बोटानी विषयली बी. एस्सी. पास।

३. वांछनीय योग्यताः पहिला वा दोस्रा श्रेणीमा पास भएकालाई गृाह्यता दिइनेछ।

४. मासिक तलबको स्केल र भत्ता : तलब ने.रू. २००। देखि ३७५। सम्म।

५. फी दस्तूर: नगद ने.रू. १।५० एक रूपैयां पचास पैसा।

६. दरखास्त आयोगमा आइ पुग्नु पर्ने मिति २०१७।८।२२।४

७. सम्पर्क मिति : २०१७।८।२७।२ का दिन ३ बजे।

८. उमेर : सरकारी नोकरीमा बहाल नभएका उम्मेदवारहरूको उमेर : २१ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको हुनु पर्छ।

६७९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## विज्ञापन न. ६३

१. पद र स्थान : जि. पि. ओ. लाई एक जना सिनियर मिस्त्री स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यता : श्री ५ को सरकारबाट स्वीकृत वर्कसपमा ५ वर्ष मिस्त्री भै काम गरेको प्रमाणपत्र प्राप्त ।

३. वांछनीय योग्यता : मोटर चलाउने लाइसेन्स प्राप्त गरेको ।

४ मासिक तलबको स्केल र भत्ता : ने.रू. ८०। देखि १५०। सम्म ।

५ फी दस्तूर नगद ने.रू १। एक रूपैयाँ ।

६ दरखास्त आयोगमा आइपुग्नु पर्ने मिति : २०१७।६।२२।५

७ सम्पर्क मिति : २०१७।६।२८।४ का दिन ३ बजे ।

८ उमेर : सरकारी नोकरीमा बहाल नभएका उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको हुनु पर्छ ।

## विज्ञापन नं. ६४

१ पद र स्थान : आकाशवाणी हेड आफिसलाई एक जना असिस्टेन्ट इन्जिनियर गजेटड स्थायी तथा पेन्सन पाइने ।

२ आवश्यक न्यूनतम योग्यता : टेली कम्युनिकेशन्स अथवा इलेक्ट्रिकल इन्जिनियरिंगमा डिग्री हासिल गरेको ।

३ वांछनीय योग्यता : टेलीकम्युनिकेशन्समा इन्जिनियरिंगमा डिग्री हासिल गरेको ।

४ मासिक तलबको स्केल र भत्ता : तलब ने रू ३५०। देखि ६२५। सम्म ।

५ फी दस्तूर: नगद ने. रू. ३। तीन रूपैयां ।

६ दरखास्त आयोगमा आइपुग्नु पर्ने मिति : ०१७।६।२३।६

७ सम्पर्क मिति: २०१७।६।२८।४ का दिन ३ बजे

८ उमेर : सरकारी नोकरीमा बहाल नभएका उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको हुनु पर्छ ।

## विज्ञापन नं ६५

१ पद र स्थान : टेलिफोन हेड आफिसलाई एक जना असिस्टेन्ट इन्जिनियर गजेटड स्थायी तथा पेन्सन पाइने ।

२ आवश्यक न्यूनतम योग्यता : टेली कम्युनिकेशन अथवा इलेक्ट्रिकल इन्जिनियरिंगको डिग्री हासिल गरेको प्रमाण पत्र प्राप्त ।

३ वांछनीय योग्यता : टेलीकम्युनिकेशन्स इन्जिनीयरिंगमा डिग्री हासिल गरेकोलाई प्राथमिकता दिइने छ ।

मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४ मासिक तलबको स्केल र भत्ता : तलब ने रू ३५०। देखि ६२५ सम्म ।
५ फी दस्तूर: ने. रू. ३। तीन रूपैयां ।
६ दरखास्त आयोगमा आइपुग्नु पर्ने मिति : ०१७।९।२३।६
७ सम्पर्क मिति : २०१७।९।२८।४ का दिन ३ बजे।
८ उमेर : सरकारी नोकरीमा बहाल नभएका उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको हुनु पर्छ ।

## विज्ञापन नं ६६

१. पद र स्थान : विशेष पुलिस वभागलाई एक जना सब ईन्सपेक्टर स्थायी तथा पेसन पाईने
२. आवश्यक न्यूनतम योग्यता: एस. एल. सी. वा सो सरह पास ।
३. वांछनीय योग्यता: सरकारी नोकरीमा (विभिन्न अड्डा विभागमा) ७ वर्षसम्म रही अनुभव प्राप्त गरेको तथा विशेष पुलिस विभागको काम कर्तव्यमा दखल भएकालाई ग्राह्यता दिइनेछ ।
४. मासिक तलबको स्केल र भत्ता: तलब ने रू. ६०। महंगी भत्तान रू. १५। विशेष भत्ता ने. रू. १५ सवारी भत्ता न रू. १०।
५. फी दस्तूर नगद ने. रू. १। एक रूपैयां ।
६. दरखास्त आयोगमा आइपुग्नु पर्ने मिति: २०१७।९।२१।४
७. सम्पर्क मिति: २०१७।१०।३।२ का दिन ३ बजे
८. अभ्यास अवधि: १ वर्ष ।
९. उमेर: पुलिसनियमावली २०१५ बमोजिम उम्मेदवारहरूको उमेर २०१७ साल वैशाख १ गते १९ वर्ष पुगेको तर पच्चीस वर्ष ननाघेको हुनु पर्छ ।
१०. शारीरिक उपयुक्तता: (क) उचाइ पांचफीट दुई इन्च । (ख) आँखा चस्मा नलगाई नर्मल । (ग) छाती नफुलाउंदा बत्तीस इंन्च । फुलाउंदा चौतिस ईन्च । (घ) शारीरिक योग्यता सरकारी मेडिकल अफिसरले योग्य ठहराएको हुनु पर्छ ।

आज्ञाले–
खड्ग मान मल्ल
सचिव
नेपाल लोकसेवा आयोग

गोरखापत्र छापाखानामा मुद्रित
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।